## कास्की जिल्ला अदालतको सूचना

मिति: २०७७।०४।२७

नेपाल सरकारको निर्णय अनुसार मिति २०७७।०४।०८ गतेबाट बन्दाबन्दीको अवस्था समाप्त भई यस अदालतबाट प्रवाह गरिने सम्पूर्ण सेवाहरू सुचारुरुपले संचालन भई आएकोमा पुनः कोरोना भाइरस (कोभिड-१९) को बढ्दो संक्रमणका कारण यस जिल्लामा समेत जोखिममा थप भयावह भइरहेको अवस्थालाई मध्यनजर गरि सेवा प्रवाहमा आवश्यक व्यवस्थापन गर्नु पर्ने भएको हुँदा यस अदालतको मिति २०७७।०४। २७ मा बसेको पूर्ण वैठकको निर्णय एवं सम्मानित सर्वोच्च अदालतको मिति २०७७।०४।२३ को सूचनाका आधारमा मिति २०७७।०४।२८ गतेबाट लागु हुने गरी अर्को व्यवस्था नभए सम्मको लागि देहाय बमोजिमका सेवा प्रवाह मात्र गरिने बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

देहाय:

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको निवेदन,
- बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन,
- पक्राउ पुर्जी अनुमति, कल डिटेल अनुमती र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्यहरु, अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमती दिने (म्याद थप गर्ने),
- अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने, थुनछेक आदेश, न्याय सम्पादन र सुनुवाईमा अधिक समय नलाग्ने प्रक्रियागत कार्यको रुपमा रहेको मिलापत्र, मुद्दा फिर्ता, पक्षले तारेख छोडेका डिसमिस र तामेली लगायतका कामकारवाही,
- मुद्दामा प्रमाण बुझी अंग पुगिसकेका र सुनुवाईका प्रकृयामा अदालतको आदेशले बाल सुधार गृहमा रहेका बालबालिकामात्र संलग्न रहेका फौजदारी मुद्दा हेर्ने,
- अर्ध न्यायिक निकायले गरेको मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ७३ बमोजिमको आदेश उपरका निवेदन सुनुवाई,
- दशीका रुपमा अभियोगपत्रसाथ पेश भै आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका समान फिर्ता माग गर्न आएमा फिर्ता दिने सम्बन्धी काम कारवाहीहरु,
- दैनिक १० (दश) थान मुद्दाहरूमा मात्र फिराद दर्ता गर्ने र सोको व्यवस्थापन अदालतको मूल गेटबाट नै टोकन वितरण गरी व्यवस्थापन गर्ने साथै फैसला कार्यान्वयन सम्बन्धी निवेदनलाई पनि निरन्तरता दिने,
- तोकिएको तारेख लिने कार्य,
- अन्तरकालिन  र अन्तरिम आदेशको सुनुवाइ
- मुद्दामा अंग पुगी सकेका फैसला हुन बाँकी रहेका थुनुवामात्र भएका मुद्दाहरुको सुनुवाई,
- सम्पत्ती रोक्का सम्बन्धी निवेदन,
- विशेष प्रकृतिका निवेदनहरु मध्ये दर्ता द्वारा विवाह र अधिकृत वारेसनामाको सम्वन्धित कार्यहरु वढीमा दुई थान मात्र।
- संकुचनको कारणले वकपत्र तोकिएका मुद्दाहरुको वकपत्र पछी गर्ने गरि हाल स्थगन गर्ने।

२०७७।४।२७